आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर : ...............

मिति: २०८१/०४/०२

## आर्थिक वर्ष २०८०/०८१ को सम्पति विवरण पेश गर्ने सम्बन्धि सूचना ।
(सूचना प्रकाशित मिति:२०८१/०४/०२गते )

भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१ को उपदफा (१), निजामति सेवा ऐन २०४९ को दफा तथा निजामति सेवा नियमावली,२०५० को नियम ११८ को उपनियम(१) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पुर्ण कर्मचारी, शिक्षक, जनप्रतिनिधि /पदाधिकारीहरुले आर्थिक बर्ष समाप्त भएको ६०(साठी) दिन भित्र आफ्नो सम्पति विवरण बुझाउनु पर्ने व्यवस्था छ ।तसर्थ आ.व.२०८०/०८१ को सम्पति विवरण निर्धारित ढाचामा भरी छुट्टा छुट्टै खाम बन्दि गरी खाम बाहिर देहायबमोजिम विवरण सहित जनप्रतिनिधि /पदाधिकारी, स्थानीय तहका कर्मचारी (स्थायी र करार) र शिक्षक (करार) हरुको हकमा आठविसकोट नगरपालिकाको कार्यालय मार्फत मुख्य मन्त्री तथा मन्त्रिपरिपदको कार्यालय,स्थायी शिक्षकको हकमा राष्ट्रिय किताबखाना (शिक्षक) र निजामति कर्मचारीको हकमा सिधै राष्ट्रिय किताबखानामा निर्धारित समयमा आफ्नो सम्पति विवरण अनिवार्य दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै तोकिएको समयावधि भित्र सम्पति विवरण पेश नगरेमा रु ५०००/-(पाच हजार)जरिवानाका साथै पुनः सम्पति विवरण पेश गर्नु पर्ने भएकोले सबैले तोकिएको अवधि भित्र अनिवार्य सम्पति विवरण पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

### सम्पति विवरण खाम बाहिर राख्नुपर्ने विवरण:

**कर्मचारीको हकमा:**

आ.व.२०८०/०८१ को सम्पति विवरण
कर्मचारी संकेत नम्बर श्रेणी /तह:
नाम थर: कार्यरत कार्यालय
पद/दर्जा: मोबाइल नं- सेवा/समुह
इमेल ठेगाना:

**शिक्षकको हकमा:**

आ.व.२०८०/०८१ को सम्पति विवरण
शिक्षकको नामथर: संकेत नं. श्रेणी /तह:
विद्यालयको नाम: मोबाइल नं. इमेल ठेगाना

**जनप्रतिनिधिको हकमा**

नामथर: स्थानीय तहको नाम: हालको पद/दर्जा:
वडा न: मोबाइल न: इमेल ठेगाना:

२०८१/०४/०२

इन्द्र वहादुर विष्ट
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत